जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि परेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक १०५ • २०८१ माघ २३ गते बुधवार • 5 Feb. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना
जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

## धनुषामा ‘एचपीभी खोप अभियान’ सुरु

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २२ माघ**




विश्व क्यान्सर दिवसको अवसर पारेर धनुषासहित देशभर पाठेघरको मुखको क्यान्सर विरुद्धको ‘एचपीभी खोप अभियान’ सुरु गरेको छ । विद्यालयमा अध्ययन गर्ने कक्षा ६ देखि १० सम्मका छात्रा र विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई खोप दिईने भएको छ । स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालयको सहयोगमा स्वास्थ्य कार्यालय धनुषाले मंगलबार आयोजना गरेको एक कार्यक्रमका बीच स्वास्थ्य तथा जनसंख्या मन्त्री सत्रुधन प्रसाद सिंहले सो अभियानको सुरुवात गरेका हुन् ।

धनुषा जिल्लामा ५२ हजार २ सय ८२ जनालाई एचपीभी खोप खुवाउने तयारी गरिएको छ । खोप अभियानको सुरुवात गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्री सिंहले अभियान सफल पार्नको लागि सबैको सहयोग र समन्वय आवश्यक रहेको बताए । महिलामा हुने क्यान्सर मध्ये पहिलो स्थानमा रहेको पाठेघरको मुखको क्यान्सरको जोखिम न्यूनिकरण गर्ने उद्देश्यले संचालन गरिएको एचपीभी खोप अभियान मधेश प्रदेशको १ सय ३६ वटै पालिकामा संचालन हुने जानकारी दिदै यसमा सहयोगको लागि सबैमा आग्रह गरे । धनुषा जिल्लामा दुई चरणमा सो अभियान संचालन गरिने भएको छ । खोप अभियान शुभारम्भ कार्यक्रमको अध्यक्षता समेत गरेका स्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेश यादवले पहिलो चरणमा माघ २२ देखि २९ गतेसम्म र दोश्रो चरणमा फागुन १ देखि ६ गतेसम्म संचालन गरिने भएको छ । खोप अभियानलाई प्रभावकारी बनाउन सबैको सहयोग अपरिहार्य रहेको यादवले बताए ।

कार्यक्रममा स्वास्थ्य मन्त्रालयका निमित्त सचिव राजेश मिश्र, जिल्ला समन्वय समितिका प्रमुख राजनन्दन मण्डल, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका रेक्टर डा. रामनरेश पण्डित, स्वास्थ्य निर्देशनालयका निर्देशक श्रवण नायक, नेपाल रेडक्रस सोसाइटी धनुषाका सभापति नरेशप्रसाद सिंह लगायतले शुभकामना मन्तव्य राखेका थिए । नेपालमा प्रत्येक दिन पाठेघरको मुखको क्यान्सरबाट चार जना महिलाको मृत्यु हुने गरेको स्वास्थ्य मन्त्रालयको तथ्यांक छ । अरु क्यान्सरको ठोस कारण पत्ता नलागे पनि पाठेघरको मुखको क्यान्सर एचपीभी भाइरसबाट हुने अनुसन्धानले देखाएका छन् ।

विश्वभरि नै एचपीभी नामक भाइरसले पाठेघरको मुखको क्यान्सरका बिरामीको दर र मृत्युदर समेत बढ्दै गएको विश्व स्वास्थ्य संगठनले जनाएको छ । खोप अभियानमा १८ हजार नौ सय विद्यालयका खोप केन्द्र र आठ हजार २ सय अन्य खोप केन्द्र रहने स्वास्थ्य सेवा विभाग अन्तर्गतको परिवार कल्याण महाशाखाले जनाएको छ ।

## सरकारले निरोगी नेपालका लागि व्यापक प्रयासहरू गरिरहेको: ओली



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ माघ**

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारले निरोगी नेपालका लागि व्यापक प्रयासहरू गरिरहेको बताउनुभएको छ । मङ्गलबारबाट देशभर पाठेघरको मुखको क्यान्सरविरुद्धको (एचपिभी) खोपको शुभारम्भ गर्दै उहाँले यस्तो बताउनुभएको हो ।

प्रधानमन्त्री ओलीले नेपाली नागरिकहरू बिरामी नै हुन नपरोस् भनेर सरकारले अभियान चलाइरहेको जानकारी गराउनुभयो । उहाँले निरोगी नेपालका लागि व्यापक प्रयास गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो । आफूले खाने खाना पेट भर्नका लागि मात्रै नभई स्वस्थ रहनका लागि खानुपर्ने बताउनुहुँदै उहाँले स्वस्थ, सन्तुलित खानाले मात्रै आफूलाई निरोगी बनाउने बताउनुभयो ।

प्रधानमन्त्री ओलीले भन्नुभयो, “हामीले निरोगी नेपालको नारा लिएका छौं । यसका दुई वटा पक्ष छन् । मानिस बिरामी नै हुन नपरोस्, स्वस्थ रहोस् । त्यसका लागि हामीले व्यापक प्रयासहरू, बहुआयामिकपक्षबाट व्यापक प्रयास गर्छौं । मान्छे रोगी नहोस्, बिमारी नहोस् । निरोगी नेपालको कन्सेप्ट यसमा आधारित छ ।

यसको अर्थ, हामीले उत्पादन गर्ने अन्नबालीमा छ । खानेकुराहरू जो उत्पादन गर्छौं त्यसको स्वस्थतामा छ ।’ प्रधानमन्त्री ओलीले सन् २०३० सम्म पाठेघरको क्यान्सरविरुद्धको अभियानलाई पूर्ण रूपमा सफल बनाउने प्रतिबद्धता जनाउनुभयो ।

## भव्य रूपमा विद्याकी देवी सरस्वती माताको पूजा-अर्चना गरियो



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २२ माघ**

मधेश प्रदेशका जिल्लामा सोमबार भव्य रूपमा विद्याकी देवी सरस्वती माताको पूजापाठ, अर्चना गरिएको छ । शिक्षा, विद्या र बुद्धिका लागि सरस्वती माताको पूजा सबै विद्यालय, शिक्षालय तथा मठमन्दिरमा भएको छ तर विडम्बना मधेश प्रदेशको सारक्षता भने अरू प्रदेशको भन्दा कम रहेको छ भने विद्यालय जाने दर पनि कम देखिएको छ ।

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार मधेश प्रदेशको कुनै पनि जिल्ला पूर्ण साक्षर घोषणा भएको छैन । यस प्रदेशका रौतहट, महोत्तरी र सर्लाहीको साक्षरता दर औसत निकै खस्किएको सो जनगणनामा देखाइएको छ । रौतहटमा ५७.८ प्रतिशत, महोत्तरीमा ५९.८ प्रतिशत र सर्लाहीमा ६०.३ प्रतिशत साक्षरता रहेको छ भने मधेशको अन्य जिल्लाको शैक्षिक अवस्था पनि सन्तोषजनक देखिएको छैन । धनुषाको ६५.३ प्रतिशत, सिराहा ६५.१, सप्तरीको ६७.७, बाराको ६४.५ र पर्साको ६९.१ प्रतिशत साक्षरता देखिएको छ । राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार समग्रमा मधेश प्रदेशको शैक्षिक अवस्था कहालीलाग्दो छ । नेपालको समग्र साक्षरता दर ७६.२ प्रतिशत रहेकोमा मधेश प्रदेशको सबैभन्दा कम ६३ प्रतिशत रहेको छ । जसमा पुरुष ७२.५ प्रतिशत र महिला ५४.७ प्रतिशत साक्षर रहेको छ । मधेशका जिल्लामा शिक्षा, सचेतना, बुद्धि, विवेकका लागि सोमबार विद्याकी अधिष्ठात्रिदेवी सरस्वती पूजाको उल्लास जस्तो साक्षरता प्रतिशतमा हर्ष हुने अवस्था छैन । विद्याका लागि विद्यार्थीहरू विद्यालय, चोकचौरहा, मठमन्दिरलगायतका स्थानमा सरस्वती माताको पूजाको उत्सव मनाएका छन् ।


गाउँ, सहरका विद्यालय, क्याम्पस, विश्वविद्यालय, शिक्षालयमा विशेष रूपमा सरस्वती पूजासँगै सांस्कृतिक एवं मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गरिएका छन् । नयाँ लुगा र पहिरनमा सजिएर छात्रछात्राले सरस्वतीको पूजापश्चात् विभिन्न शिक्षालयको पूजा स्थलमा सन्देशमूलक नाटक, सिकाइसँगै जोडिएको सांस्कृतिक कार्यक्रम तथा नृत्य एवं मनोरञ्जनात्मक कार्यक्रम आयोजना गरिएको प्रधानाध्यापक धर्मदेव साहले बताउनुभयो । सरस्वती पूजालाई वसन्तपञ्चमी, श्रीपञ्चमी पनि भनिने गरिन्छ । यस दिन बालबालिकालाई अक्षरारम्भ र नाक, कान छेडाउने चलन रहेको पण्डित सञ्जय झाले बताउनुभयो ।

यो दिन नवबालबालिकालाई अक्षर चिनाउँदा तीक्ष्ण हुने जनविश्वास रहेको छ । उहाँले आजैका दिन किसानले वर्षभरिका लागि हरवाचरवा राखिने चलन रहेको छ तर अहिले हरवाचरवा बस्न चाहने मानिस नभेटिँदा यो चलन हराउँदै गएको ८५ वर्षीय सितावीप्रसाद साहले बताउनुभयो । वसन्तपञ्चमीका दिन नवगृह प्रवेश, जीर्ण गृह प्रवेश, विवाह, व्रतबन्ध लगायतका धार्मिक कार्य गर्न शुभसाइत हेर्न नपर्ने दिनका रूपमा पनि लिइन्छ । बालबालिकाको अक्षरारम्भ गरिने भएकाले यही दिन विद्यालय भर्ना गरिने हुँदा निजी विद्यालयले नि:शुल्क विद्यालय भर्नाको व्यवस्था गरेको पाइएको छ । शैक्षिक सत्रको प्रारम्भमा मात्र बालबालिकालाई भर्ना लिनुपर्ने प्रावधान रहेको भए पनि निजी विद्यालयले बालबालिकालाई तान्न यस्तो काम हुँदै आएको छ ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
+2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवाहको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# ग्रामीण क्षेत्रलाई विकास गर

*नेपालको अधिकांश भूभाग ग्रामीण क्षेत्रले ओगटेको छ । यो क्षेत्रको विकास नगरी समग्र देशको विकास भएको मान्न सकिँदैन । समग्र देशको विकास गर्न योजनाबद्ध विकास प्रक्रिया अपनाइयो । देशमा प्रजातन्त्रको प्रादुर्भावपश्चात् विभिन्न राजनीतिक प्रणाली अपनाइयो र सोही अनुसार विकास गर्ने तौरतरिका कार्यान्वयनमा ल्याइए । अहिले हामी १६ औं पञ्चवर्षीय आवधिक योजनामा आइपुगेका छौं । यस अवधिमा धेरै साधनस्रोत खर्चिएको अवस्था पनि छ । यद्यपि ग्रामीण अर्थतन्त्रमा खासै सुधार आउन सकेको छैन ।*

*देशको ग्रामीण क्षेत्रले ठुलो भूभाग र जनसङ्ख्या समेटेको छ । यही क्षेत्रलाई विकासका आधार मानिएको भए पनि झनै खस्कँदै गएको भन्नुपर्ने अवस्था छ । दुर्गम ग्रामीण क्षेत्रमा अझै पनि शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात, रोजगारी जस्ता आधारभूत कुरा पुऱ्याउन सकिएको छैन । पुऱ्याइएका संरचना पनि सञ्चालनमा ल्याउन सकिएका छैनन् । मानिसलाई चाहिने यिनै कुरा हुन् । यिनको अभाव हुँदा मानिस जहाँ सुविधा उपलब्ध हुन्छ, त्यहीँ बसोबास गर्छ ।*

*ग्रामीण क्षेत्रको विकासमा धेरै समस्या देखिन्छन् । हिमाल कालापत्थरमा परिवर्तन हुने क्रम बढ्दै गएकाले राष्ट्रियस्तरमा नै चिन्ता गर्न थालिएको छ । यही क्रमले बढ्दै जाने हो भने पर्वतारोहणबाट आउने रोयल्टी पनि न्यून हुँदै जाने छ । जलवायु परिवर्तनमा सुधार नहुने हो भने नेपाल दोहोरो समस्यामा पर्ने छ । एक त हिमाली क्षेत्रको अवस्था दयनीय हुँदै जाने भएकाले त्यसबाट बसाइँसराइमा वृद्धि, रोजगारीमा कमी जस्ता कुरा आउने नै हुन्छन् भने नेपालले नगरेको अपराधको पनि सजाय भोग्नुपर्ने भएको छ । यसरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने विभिन्न क्षेत्र, वर्ग र समुदायको आर्थिक अवस्था सुधारका कार्यक्रम ल्याउनु पर्छ । सबै क्षेत्रको विकासमा पहुँच र लाभलाई ध्यानमा राखेर समन्यायिक अवस्था सिर्जना गरिनु आजको आवश्यकता हो ।*

# नेपाल टेलिकमको २१ औं वार्षिकोत्सव समारोह कार्यक्रम सम्पन्न




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ माघ**

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले नेपाल टेलिकमको कार्य क्षमतामा सुधार आवश्यक भएको बताउनुभएको छ। सोमबार नेपाल टेलिकमको २१ औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्नुहुँदै मन्त्री गुरुङले यस्तो बताउनुभएको हो । उहाँले भन्नुभयो,'आम्दानीको क्षेत्रमा लाग्न सकेका छैनौं। टेलिकम भ्वाइस मात्रै नभएर डेटामा पनि लाग्नुपर्छ। नेपाल टेलिकमले कार्य क्षेत्र, सेवाको क्षेत्र विस्तारको साथै बदलिँदो क्षेत्रमा जान सक्नुपर्छ। टेलिकमको क्षेत्रलाई अरुले उछिनेको छ। त्यसबारेमा टेलिकमको ध्यानाकर्षण हुनुपर्छ।

कार्य क्षमताका हिसाबले उत्तरदायित्व हुन्छ । टेलिकमले कार्य क्षमता बढाउनु आजको आवश्यकता छ ।' त्यसैगरी सरकारी स्वामित्वमा रहेका कम्पनीमा सर्वसाधारणको २५ प्रतिशत स्वामित्व वृद्धि गर्ने सरकारको तयारी रहेको मन्त्री गुरुङले बताउनुभएको छ। उहाँले सरकारले सार्वजनिक संस्थान सुधार हुन नसकेकाले अब नेपाल टेलिकम तथा नेपाल विद्युत प्राधिकरण जस्ता संस्थामा सर्वसाधारणको स्वामित्व २५ प्रतिशत पुऱ्याउने योजना सरकारको रहेको बताउनुभयो । उहाँले टेलिकमको ९२ प्रतिशत शेयर सरकारको र ८ प्रतिशत मात्रै सर्वसाधारणको रहेको भन्दै अब कम्तीमा पनि २५ प्रतिशत सर्वसाधारणको शेयर पुऱ्याउन आवश्यक रहेको बताउनुभयो ।

उहाँले सरकारले विद्युत प्राधिकरणको पनि २५ प्रतिशत शेयर सर्वसाधारणको लागि दिने तयारी गरेको उल्लख गर्नुभयो । मन्त्री गुरुङले सरकारी कम्पनीलाई हेर्ने दृष्टिकोण फरक भएकाले सर्वसाधारणको स्वामित्व वृद्धि गरी जनताले आफ्नो पनि अपनत्व अनुभव गराउन स्वामित्व वृद्धि गर्नु आवश्यक रहेकोमा जोड दिनुभएको हो । उहाँले संस्थामा जनताको निगरानी बढ्ने र व्यवस्थापनलाई पनि सर्वसाधरण जनता र ग्राहकप्रति संवेदनशील भएर पारदर्शिता कायम गर्नुपर्ने सचेत गराउने बताउनुभयो । नेपाल टेलिकमले आम्दानीको क्षेत्र पहिचान गरी लाग्न आवश्यक रहेको उहाँको भनाइ छ। टेलिकम भ्वाइस मात्रै नभएर डेटामा पनि लाग्नुपर्ने समय आएको उहाँले प्रष्ट पार्नुभयो । नेपाल टेलिकमले कार्यक्षेत्र, सेवाको क्षेत्र विस्तारको साथै बदलिँदो क्षेत्रमा जान सक्नुपर्ने उहाँको भनाइ छ। मन्त्री गुरुङले टेलिकमले कार्य क्षमता बढाउनु आजको आवश्यकता भएको उल्लेख गर्नुभयो।। उहाँले टेलिकम बदलिँदो अवस्थासँगै आधुनिक हुँदै जानुपर्नेमा जोड दिनुभयो।

# फरार अभियुक्त पक्राउ



**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, २२ माघ**

बलात्कार मुद्दामा अदालतबाट दोषी ठहर भएर १४ वर्ष सजाय तोकिएका एक फरार अभियुक्त पक्राउ परेका छन्। पक्राउ पर्नेमा लहान नगरपालिका-२४ का ४५ वर्षीय भोगिन्द पासवान रहेका छन्। सिरहा प्रहरीका प्रवक्ता डीएसपी विरेन्द्रकुमार पासवानका अनुसार, फरार रहेका उनलाई आइतबार दिउँसो ३ बजे इलाका प्रहरी कार्यालय लहानको टोलीले पक्राउ गरेको हो।

सोमबार सिरहा जिल्ला अदालतमा पेश गरिएका अभियुक्त पासवानलाई अदालतको आदेशअनुसार कैद भुक्तानका लागि सिरहा कारागार पठाइएको डीएसपी पासवानले जानकारी दिए । उच्च अदालत जनकपुर, राजविराज इजलासले ९ फागुन २०८० मा उनलाई १४ वर्ष कैद तथा २५ हजार रुपैयाँ जरिवानाको सजाय सुनाएको थियो।


## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
- खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
- आवासको व्यवस्था गर्न सजिलो हुने ।
- व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**रामगोपालपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


## तपाईको टुडे

मेष: मनमा पछुतो आउने
वृष: अशुभ समाचार प्राप्त हुने
मिथुन: पिछडेको साथी मिल्ने
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: पढाईमा ध्यान दिनुपर्ने
कन्या: अनावश्यक चिन्ता
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: लामो यात्राको योग छ
कुम्भ: खानपानमा समस्या आउने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव



श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्बरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# नरेन्द्र मोदी ट्रम्पको निम्तोमा अमेरिका जाँदै

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ माघ**



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको निमन्त्रणामा प्रधानमन्त्री नरेन्द्र मोदीले अर्को हप्ता ह्वाइट हाउसको भ्रमण गर्ने तयारी भएको ह्वाइट हाउसका एक अधिकारीलाई उद्धृत गर्दै रोयटर्सले जनाएको छ।

जनवरी २७ मा दुई नेताबीच हालैको टेलिफोन वार्ताको केही दिनपछि यो निमन्त्रणा आएको हो। टेलिफोन वार्तामा दुवै नेताले अमेरिका-भारत रणनीतिक साझेदारी र इन्डो-प्यासिफिक क्वाड साझेदारीलाई अगाडि बढाउन आफ्नो प्रतिबद्धतालाई जोड दिएका थिए। जनवरी २७ को कुराकानीमा ट्रम्पले आप्रवासनको बारेमा कुरा गरे भने भारतले थप अमेरिकी-निर्मित सुरक्षा उपकरणहरू किन्ने र द्विपक्षीय व्यापारिक सम्बन्धको महत्वमा जोड दिए।

"दुई नेताले सहकार्य विस्तार र गहिरो बनाउने विषयमा छलफल गर्नुभएको छ, उहाँहरूले इन्डो-प्यासिफिक, मध्यपूर्व र युरोपको सुरक्षासहित विभिन्न क्षेत्रीय मुद्दामा पनि छलफल गर्नुभएको छ", वार्तापछि ह्वाइट हाउसको वक्तव्यमा भनिएको छ, "राष्ट्रपतिले भारतले अमेरिकी निर्मित सुरक्षा उपकरणको खरिद बढाउने र निष्पक्ष द्विपक्षीय व्यापारिक सम्बन्धतर्फ अघि बढ्ने महत्त्वलाई जोड दिनुभयो।" नेताहरूले प्रधानमन्त्री मोदीको ह्वाइट हाउस भ्रमणको योजना र इन्डो-प्यासिफिक क्वाड साझेदारीको बारेमा पनि छलफल गरे।

# अमिताभकी नातिनी फेरि पुगिन् अदालत

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ माघ**



अमिताभ बच्चनकी नातिनी आराध्या बच्चन पुनः एक पटक दिल्ली उच्च अदालत पुगेकी छन्। यसअघि, सन् २०२३ मा आराध्याले युट्युब र गुगलमाथि उनको स्वास्थ्यसँग जोडिएको फर्जी खबर प्रकाशित गरेको आरोप लगाएकी थिइन्। उनले अदालत पुगेर यस्ता खबर प्रकाशन गर्न रोक लगाउन माग गरेकी थिइन्।

त्यतिबेला दिल्ली उच्च अदालतले गुगललाई सचेत गराउँदै सबै फेक खबर हटाउन निर्देशन दिएको थियो। अहिले आराध्याले नयाँ याचिका दायर गर्दै यस मामिलामा उचित कारवाही नभएको आरोप लगाएकी छन्। उनीसँग सम्बन्धित फेक समाचार अझै केही साइटहरूमा उपलब्ध छन्। उच्च अदालतले यस विषयमा गुगललाई नोटिस जारी गरेको छ। यस मामिलामा अर्को सुनुवाइ १७ मार्चमा हुनेछ। आराध्याको याचिकामा उच्च अदालतको निर्देशनका बाबजुद उनको स्वास्थ्यसँग जोडिएका भ्रामक खबर अहिले पनि इन्टरनेटमा उपलब्ध छन्।

त्यसलाई पूर्णरुपमा नहटाइएको उनले बताएकी छन्। सन् २०२३ मा केही युट्युब च्यानलले आराध्याको विषयमा गलत खबर प्रकाशित गरेका थिए। उनको स्वास्थ्य अवस्था निकै खराब रहेको बताइएको थियो। यहाँसम्म कि उनको मृत्यु भएको पनि भ्रामक खबर प्रकाशित गरिएको थियो।

बच्चन परिवारले यस मामिलालाई निकै गम्भीरताका साथ लिएको थियो। सन् २०२३ मा पिता अभिषेक बच्चनमार्फत आराध्या अदालत पुगिन्।

# अमेरिकी डलरको भाउ बढ्यो, यस्तो छ अन्य विदेशी मुद्राको विनिमय दर



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ माघ**

नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिदर एक सय ३९ रूपैयाँ २० पैसा र बिक्रीदर एक सय ३९ रूपैयाँ ८० पैसा कायम भएको छ। अघिल्लो दिनको तुलनामा अमेरिकी डलरको मूल्य आज पुनः उकालो लागेको हो। युरोपियन युरो एकको खरिदर एक सय ४२ रूपैयाँ ५२ पैसा र बिक्रीदर एक सय ४३ रूपैयाँ १३ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिदर एक सय ७१ रूपैयाँ २६ पैसा र बिक्रीदर एक सय ७२ रूपैयाँ, स्वीस फ्याङ्क एकको खरिदर एक सय ५१ रूपैयाँ ७७ पैसा र बिक्रीदर एक सय ५२ रूपैयाँ ४३ पैसा कायम गरिएको छ।अष्ट्रेलियन डलर एकको खरिदर ८५ रूपैयाँ ४५ पैसा र बिक्रीदर ८६ रूपैयाँ ८२ पैसा, क्यानेडियन डलर एकको खरिदर ९४ रूपैयाँ ७२ पैसा र बिक्रीदर ९५ रूपैयाँ १२ पैसा, सिङ्गापुर डलर एकको खरिदर एक सय एक रूपैयाँ ७४ पैसा र बिक्रीदर एक सय दुई रूपैयाँ १८ पैसा छ।

# महिला टी-२०आई शृंखला: चौथो हारसँगै उपाधि होडबाट बाहिरियो नेपाल

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ माघ**



काठमाडौँमा जारी नेपाल, नेदरल्याण्ड्स र थाइल्याण्ड सम्मिलित महिला टी-२०आई शृंखलाको आफ्नो चौथो खेलमा पनि नेपाल पराजित भएको छ। नेपाल थाइल्याण्डसँग ५ रनले पराजित भएसँगै उपाधि होडबाट समेत बाहिरिएको छ।

त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा थाइल्याण्डले दिएको १०७ रनको लक्ष्य पछ्याएको नेपालले २० ओभरमा ८ विकेट गुमाएर १०१ रन मात्र बनाउन सक्यो। नेपालका लागि कविता जोशीले सर्वाधिक २४ रन बनाएपनि जितका लागि पर्याप्त हुन सकेन। थाइल्याण्डका लागि थिपाछ्या पुथावोङ्ले ४ ओभरमा १० रन दिएर ४ विकेट लिइन्। फनिता मायाले २ विकेट लिइन्। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको थाइल्याण्डले २० ओभरमा ६ विकेट गुमाएर १०६ रन बनाएको थियो।

थाइल्याण्डका लागि चनिदा सुथिराङले अविजित २७ तथा थिपाछ्या पुथावोङ्ले अविजित २५ रन बनाए। नानपत कोन्चारोन्काइले १९ रन बनाइन्। ५६ मा ६ विकेट गएको अवस्थाबाट चनिदा र थिपाथ्चा मिलेर अविजित अर्धशतकीय पारी खेले। नेपालका लागि मनीषा उपाध्यायले ४ ओभरमा १८ रन दिएर ३ विकेट लिइन्। पुजा महतो र रचना चौधरीले १-१ विकेट लिए। रचनाले नेपालका लागि टी-२०आईमा डेब्यू विकेट लिएकी हुन्। नेपाल पछिल्ला तीनवटै खेलमा पराजित भएको थियो।


## रामगोपालपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**रामगोपालपुर,महोत्तरी**
मधेस प्रदेश,नेपाल

## प्रस्ताव मागको सूचना

सूचना प्रकाशित मिति : २०८१।१०।२३

प्रस्तुत विषयमा यस कार्यालयको लागि तपसिल अनुसारको प्रस्ताव मागको सूचना प्रकाशन गरिएको छ।

तपसिल :

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित बजेट | कार्यक्रम संचालन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १. | वियुटिसियन तालिम राम गोपालपुर नगरपालिका–६ | रु ३,३०,०००।– (अक्षरेपीःतीन लाख तीस हजार मात्र ) | वडा नं.– ६ | |
| २. | सिलाई कटाई तालिम रामगोपालपुर नगरपालिका – ६ | रु ३,३०,०००।– (अक्षरेपी तीन लाख तीस हजार मात्र ) | वडा नं.– ६ | |

आवश्यक कागजातहरु :
१. संस्था दर्ताको प्रमाण पत्र,
२. समाज कल्याण परिषदमा आवद्ध भएको प्रमाण पत्र,
३. कर चुक्ताको प्रमाण पत्र– आ.व.२०७९।८०,
४. भ्याट दर्ताको प्रमाण पत्र,
५. म्याद थप भएको प्रमाण पत्र,

नि.प्रमुख प्रशासकिय अधिकृत.






## सम्सी गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**

# सत्ता टिकाउने नाटक

## वहाना चांहि संविधान संसोधनको



-डा.उदयकुमार यादव

-नेपालमा हाल लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको तहत सङ्घीयताको संस्थागत अभ्यास जारी छ। नेपालको परिपेक्षमा हाल लोकतान्त्रिक साशन व्यवस्थाको तथा गणतन्त्रात्मक साशन व्यवस्थाको महत्वपूर्ण उपलब्धि संघीयता नै हो । वास्तवमा सङ्घीयताको मूल मर्म भनेको प्रान्तीय अथवा प्रदेश स्तरीय स्वसाशन पद्यतीलाई आत्मसात गर्नु हो।

यसकारण लोकतान्त्रिक गणतन्त्रात्मक साशन व्यवस्थाका सब भन्दा महत्वपूर्ण उपलब्धि भनेको सङ्घीयतामा आधारितत्यो राजनैतिक साशन व्यवस्था हो, जहां विधिको साशन हुन्छ र जहां जनताले निष्पक्षतथा स्वतन्त्र रुपले साशन व्यवस्था सञ्चालन गर्दछ। जहां आ आफना प्रान्तीय हावापानी भूगोल तथा प्रदेशस्तरीय भौगोलिक विविधताका आधारमा आआफना भाषाधर्म संस्कृतिलगायत आफनो अनुकुल नै शैक्षिक तथा स्वास्थ्यक्षेत्रका प्रगति लगाायत औद्योगिक एवं उद्यमशीलतालाई संरक्षण, संवर्धन र प्रवर्धन गरी प्रतिस्पर्धाका आधारमा तरक्की गर्न सकिन्छ। संघीयताका सर्वोत्कृष्ट उपलब्धिहरु विकेन्द्रीकरणका सिद्धान्त अनुसार शक्तिको पृथीकरण जस्तै प्राकृतिक भौगोलिक सम्पत्तिलाई राजनैतिक समानान्तरको आधारमा राज्यको बांडफांडलगायत सुशासन तथा समाजिक न्यायको प्रत्याभूति दिलाउनु आदि हुन। उदाहरणका लागि भारतका जनता हाल सङ्घीय राजधानी दिल्ली भन्दा बढी बगैंलुरु बस्न रुचाउन थालेछन् किनकी तिनीहरुलाई अचेल त्यहां भन्दा बढी व्यवस्थित र गुणात्मक जिवनको अनुभूति यहांनै हुनथाले छन्। यो संघीयताकै एउटा खुबी हो भन्नु पर्यो। नेपालमा पनि हाल तीन तहका सरकार स्थानीय सरकार, प्रान्तीय सरकार तथा केन्द्रीय सरकार गरी तहगतराज्य सञ्चालन हुनुसंघीय साशन व्यवस्थाकै एक उपलपब्धि स्वरुप सञ्चालनमा आएका छन्। नेपालमा हाल सक्तिको पृथिकरणका सिद्धान्त अनुसार तीन तहका सरकार सञ्चालनमा आएका छन : संघीय सरकार, प्रान्तीय सरकार र स्थानीय सरकार यो नै सब भन्दा महत्वपूर्ण उपलब्धि हो जुन सिंहदरबारमा एकात्मक साशनका रुपमा नै केन्द्रित रहेको थियो। दोश्रो उपलब्धि भनेको नेपालका सिमान्तिकृत समुदाय दलित महिला तथा मधेशी, मुस्लिम जनजाति र थारु आदिले आफना संख्याको अनुपातमा राज्यका प्रत्येक निकायमा समावेशी तथा समानुपातिक प्रतिनिधित्व गर्न पाउने संबैधानिक अधिकार प्राप्त गर्ने कोर्सिमा नलागेका होईनन् । विभिन्न आयोग मार्फत् तीनीहरुका संबैधानि हक हित र मौलिक अधिकारलाई विभिन्न ऐन नियम तथा कानुनद्धारा तीनटै तहका सरकारकाले सुरक्षा गर्ने प्रयास जारी राखेका छन् । मधेशी जनताको बलिदानी स्वरुप तथा माओवादी जनयुद्धका सफलता स्वरुप आआफनो व्यक्तिगत स्वतन्त्रता र स्वायत्तता पहिचान सहित समतामुलक समाज र भेदभाव रहित व्यवहारका अनुभूति दिलाउनुपर्ने प्रयासगर्नु पनि संघीयताकै उपलब्धि हुन्। तर यसका बावजुद पनि संबैधानिक प्रत्येक हक र अधिकारको सुनिश्चित गर्नका लागिमुलभुत रुपमा नेपालमको हाल राजनैतिक अस्थीरताले गर्दा संघीयता मजबुत हुनुका साटो दिनप्रति दिन कमजोर हुंदै गएको प्रत्याभूति हुन थालेको छ । अर्थात् यसको सबलीकरणमा जोरदिनका लागि आर्थिक स्रोत साधनमा जोड दिनुलगायत संबैधानिक हक अधिकारका कार्यान्वयन सम्बन्धि स्पष्टता, प्रशासनिक संरचना तथा कर्मचारी व्यवस्थापन, राजनीतिक स्थिरता, सामाजिक समरुपता, कानुनी अधिकारको एकरुपता, विकासमा समानता, संबिधानको कार्यान्वयनमा तिव्रतालगायत स्रोत र राजस्व बांडफांडमा वैज्ञानिक एकरुपता तथा निष्पक्षता आदिमा जब सम्म विशेष जोड दिईदैनन्, तब सम्म यसको संस्थागत विकास नभइकन सबलिकरणको अभाव नै हुनेछ। कारण अचेल संघीयताका विरोधीहरु प्रतिगमनकारीका भाषा र संकेतलाई मुदा बनाएर तिनीहरुले उचालेका संघीयता विरोधी भाषण जस्तो प्रदशेलाई पनि विघटन गर्नुपर्ने मांग सडक देखि सदन सम्म पनिदेख्न थालेका छन् । मधेश आन्दोलनका प्रमुख उपलब्धि भनेको संघीता र समावेशीता खतरामा- भैगोलिक दृष्टिकोणले कञ्चनपुर देखि कांकडभिटासम्म लगभग बाईस जिल्ला समेटिने मधेश र जनसंख्याको आधारमा राष्ट्का लगभग आधा मधेशी जनसमूदायसंग पटक पटक राज्यपक्षले गरेका आठ बुंदे र बाईस बुंदेमांगपुरा संबन्धि विभिन्न सहमति र सम्झौताहरु सरकारले अझसम्म पुरा गरेका छैनन्। मधेशी जनताको महान आन्दोलन र सशस्त्र विद्रोहले राखेका संघीयता संबन्धि अधिकारलगायत आन्दोलनका प्रमुखमांग स्वायत्त मधेश एक प्रदेशदिने सहमति गरी केबल आठ जिल्लामा सिमित गरिएको बाध्यतामा राज्य पक्षले नै धोका दिएका कुरा मधेश केन्द्रित दलहरुका आरोप रहेको छ। किनकी तत्कालिन सरकारले संबिधान जारी गरेका बेला पनि मधेश केन्द्रित दलहरु कसैले पनि जारी गरिएका संबैधानिक दस्तावेजमा हस्ताक्षर गरेका छैनन् त्यसकारण त्यसैबेला देखि नै ती दलहरुलाई यो संबिधान सर्वमान्य हुन नसकेकाले यसलाई आमूल परिवर्तन गरि संसोधन गरिनु पर्ने जोरदार मांग पनि राख्दै सशक्त रुपमा विरोधपनि गर्दैआईराखेका छन् । अर्कातर्फ गणतन्त्रबाट असंतुष्ट पच्चीस देखि तीस प्रतिशतका हाराहारीमा रहेका वर्तमान साशसन व्यवस्थाप्रति रुष्ट जनताहरुका मांग सम्बोधन तथा समर्थन गर्ने कमलथापा र लिङदेलका राष्टिय् प्रजातन्त्र पार्टीहरुले संघीयता खारिजगरी जनमतसंग्रह मार्फत्“एकल साशनका प्रतिक” एकलौटी राजसंस्थाको नै पुनरस्थापनाका पनि मांग राखि पटकपटक बिरोध जुलुसहरु प्रदर्शन गर्दै आइरहेका होईनन्। यसकारण वर्तमान सरकारका प्रमुख दुई दलीय सात सत्ता सहमतिहरु मध्ये राजनीतिक स्थायित्व र संबिधान संसोधन अनिवार्य तथा अपरिहार्य रहेकाले यो एउटा ठुलो चुनौती तथा अवसरका रुपमा पनि सावित भएको छ। खोई संविधान संसोधनका विशेष सर्वदलीय संयन्त्र समिति त ? वस्तवमा यदि भन्ने हो भने, नेपालमा अचेल सत्ता समिकरण सम्बन्धि भईरहेका अनावश्यक धुर्फेल हेर्दा हेर्दै आम जनताहरुलाई वाक्क अनि दिक्क लागिसकेका छन्। यसकारण नेपाली कांग्रेसका वरिष्ठ नेता अर्जुन नरसिंह केसीका विचारमा पनि तत्काल संबिधान संसोधन नगरे भने वर्तमान सरकारको औचित्य रहदैन। उनको विचारमा संबिधान संशोधनको प्रतिबद्धताबाट हट्नुको अर्थ सातबुंदे सहमतिलाई निरर्थक बनाउनु हो। अर्कातर्फ एकजना राजनीतिक विशलेषक किसोर नेपालका विचारमा “सविधान संशोधनभन्दा पनि अहिले सम्म संविधान कार्यान्वयन कसरी भएको छ ? यस संबन्धि राम्ररी पुरनावलोकन नगरे सम्म जतिसुकै पटक संशोधन गरे पनि उचित परिणाम चांहि आउने छैन।

अर्थात् संबिधान संशोधनको प्रकृयमा जतिसुकै जटीलतापूर्ण चुनौती देखिए पनि यसले नै तत्काल नेपाललाई लोकतन्त्र समावेशिता र राजनीतिक स्थायित्वका नयां उचाईमा पुयाउने एउटा महत्वपूर्ण अवसर पनि प्रदान गर्नेछ। यसकालागि सरकारको दुरदर्शी तथा समदर्शी नीतिलगायत सशक्त नेतृत्व, पारदर्शी प्रकृया र जनताको प्रत्यक्ष सहभागिताबाट यसलाई सपल बनाउने प्रबल संभावना छ। यस सम्बन्धमा गोरखापत्रका लेखक एकजना डा.चूडाप्रसाद ढकालको भनाई चांहि धेरै सान्दर्भिक देखिएको छ : नेपालको संविधान, २०७२ ले देशलाई लोकतन्त्र, समावेशिता र संघीयताको मार्गमा डोरयाए पनि केहि सबालमा परिमार्जन गर्नुपर्ने आवश्यकता पनि खट्केको छ । त्यसकारण वर्तमान राजनीतिक, सामाजिक र आर्थिक यर्थाथलाई सम्बोधन गर्न अहिलेको अवस्थामा संविधानको संशोधन अपरिहार्य रहेको देखिन्छ ।वास्तवमा संविधान संशोधनले सामाजिक न्याय र समावेशी लोकतन्त्रलाई प्रमुख रुपले सुदृढ गर्न सक्छ, यसले मधेश, थारु, मुस्लिम, अन्य जनजाति, दलित र महिलाजस्ता समुदायका प्रतिनिधित्व र अधिकार सुनिश्चत गर्न विशेष भूमिका खेल्न सक्छ। यतिमात्र होईनन् यसले प्रादेशिक सीमाङकन, भौगोलिक एवम् राजनैतिक बांडफांडमा समानान्तरलगायत लैङ्गिक समानताका विषयलाई पनि प्राथमिकतामा राख्दै संविधान परिमार्जन हुन सक्ने प्रबल संभावना देखिन्छ । तर सत्तापक्षले केवल संविधान संसोधनका ढिढौरा पिटेर झुठा अश्वासन दिरहेको बुझिन्छ। दलीयस्वार्थ, सत्तामोहर सिद्धान्तवीहिन राजनीतिका प्रतिफल अस्थीरता- हाल मधेशकेन्द्रीत दलबीच कार्यगत एकता अथवा मोर्चाबन्दीको चर्चा चुलिएको छ। कारण समानुपातिक प्रणलीको थ्रेसहोल्ड बढाउने पक्षमा सरकारले निर्वाचनआयोगको नयां प्रस्ताव मार्फत गृहकार्य पनि अगाडि बढाउन लागेको छ। जसको परिणाम स्वरुप मधेशकेन्द्रीत दलहररु लगायत अन्य साना दलहरु पनि अफठ्यारोमा पर्ने प्रबल संभावना रहेको छ । खासगरि समानुपातिक निर्वाचन प्रणालीले गर्दा कुनै पनि दलको संसदमा वहुमत पुग्न नसक्ने देखिएकाले सो प्रणालीलाई विस्थापित गरि नयां नीति बनाउने चर्चा परिचर्चा विगत केहि वर्ष अघिदेखि नै चलिरहेका छन्। समानुपातिक प्रणाली हटाएमा प्रतिनीधिसभा र प्रदेशसभाको संसदीय सीटको संख्यामा समयसापेक्ष वृद्धि पनि गर्नुपर्छ। यसकालागि जनसंख्याको अधारमा संबैधानिक व्यवस्थानुकुल थप नयां निर्वाचक्षेत्रहरु समेत निर्माण गर्नुपर्छ । अर्थात् यसकिसिमका प्राविधिक एवम् जटील समस्याबाट बांच्न तत्काल नेपाली कांग्रेस र एमालेले थ्रेसहोल्ड बढाउने विधेयक पेश गर्ने तयारीमा छन् “राजनीतिमा पोल्टीक्श घुसाउनु” भनेको सायद यहि हो बल्ल अब मधेशकेन्द्रीत दलहरुलाई घैंटोमा घाम लाग्नेछन्। अनि थाह होला केवल सत्ता र कुर्सीकालागि फुटानी कति महंगो पर्ने रहेछन् भनेर। हुनत सिद्धान्तमा अधारित राजनीतिले जहिले पनि असल परिणाम दिंदा रहेछन् भने नेपालका मधेशी मुलका राजनेता र गणतन्त्रका प्रथम राष्ट्पति महामहिम डा. रामवरण यादवले सावित गरेर देखाई सकेका छन् । अर्का नेता मधेस प्रदेशका सभामुख समक्ष समेत औपचारिक सदनमा माननीय राम अशिष यालवले “मधेशका मसिहा तथा नेपालको संदर्भमा संघीयताका पिता समान” तुलना गरेका माननीय उपेन्द्र यादव पनि यस्ता रोलमोडेल हुनुहुन्छ जसले आफ्नो शैद्धान्तिक राजनैतिक सबलता र सफलताकै परिणाम स्वरुप हाल सम्म दुई दुई मधेशी सपुतलाई उप राष्ट्पतिदेखि गणतन्त्र नेपालकोपहिलो राष्ट्पति समेत बनाउनमा अहम् भूमिका निर्वाह गरेर आफना राजनैतिक छवि प्रमाणित गरिसकेका छन् । यतिमात्र कहां हो र ?उनी आफना राजनैतिक क्षमताकै कारण समय सापेक्ष, आफनै दलका प्रथम् र द्धितीय प्रमुखमन्त्री मधेश प्रदेशका बनाउनमा सफल हुनु भएका छन् नि ?अर्थात् सिद्धान्त विपरीत र निष्ठा वीहीन राजनीति कहिले न कहिले अभिश्राप नै सावित हुन जान्छन् भने आजको अवसरवादी नेतद्धयर समसामयिक राजनितिज्ञहरुले यो यर्थाथ् स्वीकारर्नु पर्ने बेला पनि यहि नै हो।

त्यसो त भन्नलाई त सिस्नुपानीका गायकगायिका लागि सजिलो होला“जयमधेशके मन्तर हेरागेलै दैयागे”। किनकी गीतगाउनु जति सजिलो प्रदेश चलाउने होईन रहेछ, किनकी राजनैतिक क्षमता भनेको“बाबा हातके कोदारी बड हलुक हय मुदा चलाबेवालाके पत्ता चलैहय हलुकहय कि भारी” मधेशमा मशिहा राजनीति समाप्त भइरहे छैनन् चन्द्र किशोरजी?एकक्षेत्रमा हार भएपनि अर्को क्षेत्रका जनताले विजय गराउने सुवर्ण मौकालाई त मशिहा राजनीतिको सुनौलो विहानीसित पो तुल्ना गर्नु पर्ने नि ? आशावादी बन्नुस् निराशावादी होईनन् । पार्टी फुटाउनेजति सबैलाई मसिहाको उपाधी दिन मिल्दैनन ।आज ती अवसरवादी तथा सत्ता र कुर्सीका लुछाचुंडी गर्ने पदलुलुप्त महत्वकांक्षीहरुका कारण राजनैतिक स्थायित्व कायम हुन सकेका छैनन्। नत्र, आफनै पार्टीका बहुमतका सरकार पनि निरन्तर चल्नुको साटो किन बीचैमा ढल्ने गर्दछ त?यसका पछाडिएउटै प्रमुख कारण हो सिद्धान्त वीनाको निष्ठा वीहिन राजनीति।.हाल विशेष परिस्थीतिमा अध्यादेश ल्याउनुका साटो सत्ता टिकाउने निहुले अध्यादेशमाथि अध्यादेश कतिपय नेताहरुका आरोप जायज हो।


## एचपीभी खोप अभियान संचालन सम्बन्धी सूचना

धनुषा जिल्लामा पाठेघरको मुखको क्यान्सरविरुद्धको निःशुल्क एचपीभी खोप अभियान संचालन भएको छ ।

माघ २२ गतेदेखि फागुन ६ गतेसम्म धनुषाको १८ वटै स्थानीय तहका कक्षा ६ देखि कक्षा १० सम्मका छात्रा तथा विद्यालय बाहिरका १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई खोप दिइने छ ।

तपसिलका स्थानीय तहका स्वास्थ्य चौकी, सामुदायिक तथा संस्थागत विद्यालयमा खोप अभियान संचालन हुने-

**–पहिलो चरण (माघ २२ गतेदेखि २९ गतेसम्म)**

जनकपुरधाम उपमहानगरपालिका, मुखियापपट्टी मुसहरनियाँ गाउँपालिका, नगराइन नगरपालिका, हंसपुर नगरपालिका, लक्ष्मीनियाँ गाउँपालिका, बटेश्वर गाउँपालिका, मिथिला नगरपालिका र गणेशमान चारनाथ नगरपालिका ।

**– दोश्रो चरण (फागुन १ गतेदेखि ६ गतेसम्म)**

धनौजी गाउँपालिका, औरही गाउँपालिका, विदेह नगरपालिका, कमला नगरपालिका, शहीदनगर नगरपालिका, सबैला नगरपालिका, धनुषाधाम नगरपालिका र मिथिला बिहारी नगरपालिका ।

**अनुरोधकर्ता**
**स्वास्थ्य कार्यालय,धनुषा**



## बिमालेख हरायो

घरबाट जलेश्वर तर्फ आईरहेको बेला तपसिल बमोजिमको विमालेख हराएको हुँदा शाखा कार्यालयमा बुझाई दिनु हुन अनुरोध गरिन्छ ।

**तपसिल**

नाम : सुमिन्त्रा देवी

बिमालेख नं. : 251310737

ठेगाना : गा.वि.स.–पिगौना,वडा नं.–८,महोत्तरी,हाल जलेश्वर नगरपालिका,वडा नं.–११


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday